नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बुद्धनगर, काठमाण्डौ ।

## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, बुद्धनगर, काठमाण्डौको १५ दिने लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको दोश्रो सूचना

**प्रकाशित मिति : २०८२/०२/२७**

सहकारी ऐन २०७४ को दफा १०४ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट मिति २०७९/०६/०७ मा ओरेन्टल को-अपरेटिभ लिमिटेड मैतिदेवीलाई समस्याग्रस्त घोषणा गरी सो संस्थाको सम्पत्ति तथा दायित्व भुक्तानीको लागि गर्ने जिम्मा सोही ऐनको दफा १०५ अनुसार गठित यस समितिसमक्ष लेखि आएको, संस्थाका ऋणि सदस्य एवं सञ्चालकहरुबाट संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना, जरिवाना तिर्न बुझाउनको लागि सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम (१) देहाय (क) र (ख) बमोजिम पत्राचार गर्दा, पत्रपत्रिकामा सूचना प्रकाशित गर्दा समेत आफ्नो दायित्व फरफारक नगरेकाले संस्थाको नाममा रहेको यस समितिबाट रोक्का राखिएका तपशिल बमोजिमका जग्गाहरु सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम २ को खण्ड (च) बमोजिम चलनचल्तीको मूल्य कायम गरी सोहि नियम बमोजिमको राष्ट्रिय स्तरको पत्रिकामा लेना रकम असुलीको लागि मिति २०८२/०१/१० मा प्रकाशित सूचनामा शिलबन्दी निवेदन प्राप्त हुन नआएकोले तपशिल बमोजिमको शर्तको अधिनमा रहि १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ। इच्छुक बचतकर्ता, संस्था तथा व्यक्तिले सकार्न चाहेमा गोप्य शिलबन्दी निवेदन पेश गर्नु हुन सरोकारवाला सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस समितिको **Website: www.coopmc.gov.np** मा गई हेर्न सक्नु हुनेछ ।

**(क) लिलाम बिक्री हुने सम्पति र मूल्य :**

| सि.नं. | ज.ध. नाम थर | ठेगाना | जग्गाको विवरण | | | हालको ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | वडा नं. | कि.नं. | क्षेत्रफल | | |
| १. | ओरेन्टल को-अपरेटिभ लिमिटेड | चितवन शाखा | भरतपुर-३ क | ३३३३ | ०-०-१०-० | भरतपुर म.न.पा- १२ | |
| २. | " " " | " " " | मंगलपुर-४ ख | ९३४ | ०-२-०-० | भरतपुर.म.न.पा- १६ | |
| ३. | " " " | " " " | मंगलपुर- ५ ख | ३७६ | ०-३-०-० | भरतपुर.म.न.पा -१६ | |
| ४. | " " " | " " " | पञ्चकन्या-९ क | ७५२ | ०-२-५-० | रत्ननगर न.पा.- १३ | |
| ५. | " " " | " " " | पञ्चकन्या-९ क | ५५५ | ०-१-९.५-० | रत्ननगर न.पा.- १३ | |
| ६. | " " " | " " " | चैनपुर-९क | २८० | ०-५-१०-० | खैरहनी न.पा.- ४ | |

**(ख) शर्तहरुः**

१. माथि उल्लेखित जग्गा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गर्न बोलपत्र पेश गर्नु पर्नेछ ।

२. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा रु.२,०००।- बुझाई बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

३. यो सूचना प्रकाशित भएको मितिले १६औं दिन अपरान्ह १:०० बजे सम्म बोलपत्र पेश गरि सक्नु पर्नेछ । यसरी पेश भएका बोलपत्रहरु सोही दिन १:३० बजे यसै समितिको कार्यालयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ ।

४. शिलबन्दी बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम केरमेट नगरी अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । बोलपत्र दाखिल गरे पछि त्यसमा कुनै किसिमको हेरफेर केरमेट गर्न पाइने छैन र बोलपत्र शर्त रहित हुनु पर्नेछ ।

५. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र फर्म, संगठित संस्था वा कम्पनीले इजाजतपत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित स्वयं उपस्थित हुनु पर्नेछ ।

६. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको १० (दश) प्रतिशत रकम कृषि विकास बैंक लिमिटेड पुतलीसडकमा रहेको यस समितिको बैंक खाता सहकारी व्यवस्थापन समिति ओरेन्टल (Sahakari Byabasthapan Samiti Oriental) खाता नं. ०२०९९०१३०८७९८०२४ मा जम्मा गरि सो को सक्कलै भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

७. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

८. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रम मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनु पर्नेछ । यसरी सहभागी हुन चाहने बढिमा ३ (तीन) व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रममा सम्झौता मान्य हुनेछ, साथै सो उपक्रममा सम्झौताको प्रति बोलपत्रसाथ अनिवार्य रुपमा सलग्न गर्नु पर्नेछ ।

९. बोलपत्र पेश गर्दा प्रत्येक कित्ताको छुट्टा-छुट्टै बोलपत्र पेश गर्नु पर्नेछ ।

१०. बोलपत्रको बाहिर खाममा कुन कित्ताको लागि बोलपत्र पेश गरेको हो स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

११. बोलपत्र प्रत्येक कित्ताको छुट्टा-छुट्टै दर्ता गरि सोहि अनुसार खोलिनेछ ।